# कृपा
## राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२३५ बारा, २०८३ असोज ३१ गते शनिबार / सप्तमी / नेपाल संवत् ११४६ / Saturday, October 17 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## कांग्रेस केन्द्रीय समितिमा बाराबाट ५ जना निर्वाचित




निजगढ,३० असोज/नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिमा निजगढ नगरपालिकाका शम्भुबहादुर बुढाथोकीसहित बारा जिल्लाबाट ५ जना निर्वाचित भएका छन ।

१५औं महाधिवेशनअन्तर्गत नयाँ केन्द्रीय नेतृत्व चयनका लागि भएको निर्वाचनको आज सम्पन्न मतपरिणाम अनुसार बुढाथोकीसहित बारा जिल्लाबाट संविधानसभा सदस्य शोभाकर पराजुली र युवा नेताहरु नवराज त्रिपाठी, ममता शर्मा र मेघा शाही केन्द्रीय सदस्यमा निर्वाचित बनेका

बाँकी तेश्रो पेजमा

## निजगढमा चाडपर्व लक्षित शान्ति सुरक्षा कायम गर्न सर्वपक्षीय प्रतिबद्धता

निजगढ, ३० असोज/ नेपालीहरूको महान् चाड बडादसैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै बाराको निजगढ नगरपालिकामा शान्ति सुरक्षा कायम गर्न सर्वपक्षीय प्रतिबद्धता जनाइएको छ ।

निजगढ नगरपालिकामा क्रियाशील राजनीतिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, व्यवसायी तथा सरोकारवालाहरुले आज संयुक्त विज्ञप्ति निकालेर चाडबाड लक्षित शान्ति सुरक्षा कायम गर्न ७ बुँदे प्रतिबद्धता जाहेर गरेका हुन ।

नगर प्रमुख सुरथ पुरीको अध्यक्षतामा बिहीबार नगरपालिका कार्यालयमा बसेको सर्वपक्षीय बैठकले चाडपर्वका समयमा हुन सक्ने सम्भावित दुर्घटना, अवाञ्छित गतिविधि तथा दुर्घटना न्यूनीकरण गर्न सावधानी अपनाउन नगरवासीमा सर्वपक्षीय आग्रह र प्रतिबद्धता जाहेर गर्ने भनी गरिएको निर्णयको आधारमा सरोकारवालाहरुले प्रतिबद्धता पत्र सार्वजनिक गरेका हुन ।

प्रतिबद्धता पत्रमा चाडपर्वको समयमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्न सबै पक्षले आ(आफ्नो जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता जनाइएको छ ।

प्रतिबद्धताअनुसार प्रहरीले नियमित




गस्ती तथा चेकजाँचलाई थप सुदृढ बनाउँदै आवश्यकताअनुसार अतिरिक्त समयमा समेत गस्ती परिचालन गरिने छ । सार्वजनिक सडकमा अवरोध हुने गरी राखिएका निर्माण सामग्री हटाउने तथा व्यवस्थित गर्ने, लागू पदार्थको प्रयोग र कारोबार नियन्त्रणमा प्रहरीलाई सहयोग गर्ने पनि भनिएको छ ।

त्यस्तै, व्यवसायीहरूले शान्ति सुरक्षालाई ध्यानमा राखेर व्यवसाय सञ्चालन गर्ने र कुनै अवरोध वा असामान्य गतिविधि देखिएमा तत्काल सुरक्षाकर्मीलाई जानकारी गराउने जनाइएको छ ।

त्यसैगरी पत्रमा मोटरसाइकल, स्कुटरलगायतका सवारीसाधन प्रयोग गर्दा ट्राफिक नियम पूर्ण रूपमा पालना गरी दुर्घटनाको जोखिमबाट जोगिन तथा सभ्य नागरिकको परिचय दिन पनि नगरवासीसंग आग्रह गरिएको छ ।

सार्वजनिक स्थानमा जडान गरिएका सीसीटीभी क्यामेराको अवस्था तथा सञ्चालनबारे जानकारी गराउने, धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजकले स्वयंसेवक परिचालन गरी कार्यक्रम व्यवस्थित बनाउने र ध्वनि प्रदूषक उपकरणको प्रयोग नगर्ने वा नियन्त्रण गर्ने विषयलाई पनि प्रतिबद्धतामा समेटिएको छ ।

निजगढवासीको सुख, स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै आपसी सद्भाव, सहयोग र भाइचारालाई अभिवृद्धि गर्न नगरवासीमा आग्रह पनि गरिएको छ ।

यसैबीच सार्वजनिक सडक तथा सडकपेटीमा निर्माण सामग्री राख्दा आवागमनमा अवरोध हुनुका साथै दुर्घटनाको जोखिम बढेको भन्दै निजगढ

बाँकी तेश्रो पेजमा

## वीरगञ्जको मुख्य सडक विस्तारका कार्य सुरू, ३० महिनाभित्र सम्पन्न गरिने



वीरगञ्ज, ३० असोज/लामो समयदेखि प्रतीक्षामा रहेको वीरगञ्जको मुख्य सडक (मेनरोड) विस्तार तथा स्तरोन्नति प्रक्रिया औपचारिक रूपमा अघि बढेको छ। सडक विभागले त्रिभुवन राजपथअन्तर्गत पर्साको वीरगञ्जस्थित मितेरी पुलदेखि गण्डक चोकसम्मको करिब ८ किलोमिटर सडक विस्तारका लागि दुई प्याकेजमा ठेक्का आह्वान गरेपछि सडक विस्तार प्रक्रिया सुरु भएको हो ।

सडक डिभिजन कार्यालय हेटौंडाले जारी गरेको सूचनाअनुसार कुल ८.०५४ किलोमिटर सडक स्तरोन्नतिका लागि बोलपत्र पेस गर्ने अन्तिम मिति २०८३ कात्तिक २० गते दिउँसो १२ बजेसम्म तोकिएको छ । सोही दिन दिउँसो १ बजे बोलपत्र खोलिनेछ भने इच्छुक निर्माण व्यवसायीका लागि कात्तिक ९ गते बिहान ११ बजे प्रि(बिड बैठक आयोजना गरिनेछ ।

पहिलो खण्डका लागि बोलपत्र जमानत रकम ६ करोड रुपैयाँ र दोस्रो खण्डका लागि ५ करोड ५० लाख रुपैयाँ तोकिएको छ । दुवै खण्डको बोलपत्र जमानत रकम जोड्दा ११ करोड ५० लाख रुपैयाँ पुग्छ। यद्यपि, आयोजनाको कुल निर्माण लागत भने सूचनामा खुलाइएको छैन ।

सडक विस्तार तथा स्तरोन्नति कार्यलाई दुई खण्डमा विभाजन गरी बोलपत्र आह्वान गरिएको हो । पहिलो प्याकेजअन्तर्गत मितेरी पुलदेखि घण्टाघरसम्म र दोस्रो प्याकेजअन्तर्गत

बाँकी तेश्रो पेजमा

## औद्योगिक श्रमिकको समस्या समाधान गर्न स्थानीय सरकारको भूमिका बढाउनुपर्नेमा जोड



सिमरा, ३० असोज/औद्योगिक क्षेत्रमा कार्यरत श्रमिकका समस्या समाधान, श्रम कानुनको प्रभावकारी कार्यान्वयन तथा श्रमिकको हकहित संरक्षणका लागि स्थानीय सरकारको भूमिका बढाउनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।

इन्डस्ट्रियल नेपाल परिषद्को आयोजनामा जीतपुरसिमरा उपमहानगरपालिकाको सभाकक्षमा आयोजित शुभकामना तथा अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले वीरगञ्ज( पथलैया औद्योगिक करिडोरका श्रमिकले न्यूनतम पारिश्रमिक, नियुक्तिपत्र, सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी अधिकार प्राप्त गर्न नसकेको विषय उठाएका हुन् । उनीहरूले श्रम कानुनको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताएका छन् ।

कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका नगरप्रमुख राजन पौडेलले श्रमिकका समस्या समाधानका लागि स्थानीय तहलाई श्रमसम्बन्धी नियमनको अधिकार दिनुपर्ने बताउनुभयो ।

श्रमिक प्रेम चौधरीले नियुक्तिपत्र माग्दा श्रमिकलाई कामबाट हटाउने गरिएको आरोप लगाउनुभयो । त्यस्तै, ट्रेड युनियनका प्रतिनिधिहरूले श्रमिकबीच हुने विभेद अन्त्य गर्दै सबैलाई समान सेवा(सुविधा सुनिश्चित

बाँकी तेश्रो पेजमा

## प्रहरी दिवस : बारामा विशेष कार्यक्रम सम्पन्न

कलैया, ३० असोज/जिल्ला प्रहरी कार्यालय बाराले ७१औं प्रहरी दिवसको अवसरमा शुक्रबार एक विशेष समारोहको आयोजना गरी कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ ।

प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीको प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कर्मचारीहरूको सहभागिता रहेको थियो

समारोहमा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, अमर प्रहरी परिवारका सदस्यहरू, विभिन्न राजनीतिक दलका पदाधिकारीहरू, स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, पूर्व प्रहरी कर्मचारीहरू र सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमका क्रममा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको ७१औं प्रहरी दिवस तथा विजया दशमी २०८३ को शुभकामना मन्तव्य वाचन गरिएको थियो । कार्यक्रममा संचारकर्मी धिरेन्द्र तिवारी, श्यामबाबु यादवलाई सम्मान गरिएको थियो ।

सो अवसरमा जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुँवरलगायत अन्य वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थितिमा अमर प्रहरी परिवारका सदस्यहरूसँग विशेष अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरिएको छ ।

प्रहरी दिवसकै अवसरमा बारा प्रहरीले यसअघि वृक्षारोपण र रक्तदान कार्यक्रमसमेत आयोजना गरेको थियो




## सम्पादकीय........

### दसैं २०८३ : खुसीसँगै पीडितप्रति सहानुभूति

दसैं नेपालीहरूको महान् राष्ट्रिय तथा सांस्कृतिक पर्व हो । असत्यमाथि सत्य र अन्यायमाथि न्यायको विजयको प्रतीकका रूपमा मनाइने यस पर्वले परिवारबीच प्रेम, सद्भाव, एकता र भाइचाराको भावना बढाउँछ ।

दसैं २०८३ ले पनि नेपालीहरूको जीवनमा नयाँ आशा, उमङ्ग र खुसी ल्याउने अपेक्षा गरिएको छ । देश( विदेशमा रहेका नेपालीहरू घर फर्कने, मान्यजनबाट टीका तथा जमरा ग्रहण गर्ने र परिवारसँग समय बिताउने परम्पराले यस पर्वलाई अझ विशेष बनाउँछ । तर, दसैंको खुसी मनाइरहँदा प्राकृतिक विपत्तिबाट प्रभावित परिवारहरूको पीडा र कठिनाइलाई पनि बिर्सनु हुँदैन ।

यस वर्षको दसैंको सन्दर्भमा भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीले पुऱ्याएको क्षति अत्यन्त दुःखद् छ । बाढीले जनधनमा क्षति पुऱ्याउनुका साथै धेरै परिवारलाई विस्थापित र चिन्तित बनाएको छ ।

चाडपर्वको समयमा घरपरिवारसँग रमाउनुपर्ने मानिसहरू विपत्तिको सामना गर्न बाध्य हुनु हाम्रो समाजका लागि गम्भीर पीडाको विषय हो । यस्तो अवस्थामा सरकार, स्थानीय तह, सामाजिक सङ्घसंस्था र आम नागरिकले प्रभावित परिवारलाई राहत, सुरक्षित आश्रय, खाद्यान्न तथा आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन प्राथमिकता दिनुपर्छ ।

दसैंको वास्तविक महत्त्व अब नयाँ लुगा लगाउने र मिठो खानेकुरामा मात्र सीमित छैन; दुःखमा परेकालाई सहयोग गर्नु, पीडितको आँसु पुछ्नु र मानवीयता प्रदर्शन गर्नु पनि यस पर्वको महत्त्वपूर्ण सन्देश हो ।

त्यसैले दसैं २०८३ लाई सुरक्षित, सभ्य र मानवीय पर्वका रूपमा मनाउनु आजको आवश्यकता हो। चाडपर्व मनाउँदा अनावश्यक खर्च, देखासिकी र फजुल प्रतिस्पर्धा त्यागेर आवश्यकतामा परेकालाई सहयोग गर्ने संस्कार विकास गर्नुपर्छ ।

यात्राका क्रममा सुरक्षित यातायात अपनाउने, बढी भाडा असुल्ने तथा यात्रुलाई दुःख दिने प्रवृत्ति नियन्त्रण गर्ने र सार्वजनिक सेवामा पारदर्शिता कायम गर्ने कार्यमा पनि सम्बन्धित निकाय जिम्मेवार हुनुपर्छ । बाढीपीडित परिवारको पुनःस्थापना, क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र भविष्यमा यस्ता विपत्तिबाट बच्न पूर्वतयारीमा विशेष ध्यान दिन आवश्यक छ ।

दसैंको साँचो खुसी सबैको मुहारमा मुस्कान ल्याउनुमा छ । विपत्तिमा परेकालाई साथ दिऔँ, सुरक्षित यात्रा गरौँ र आपसी प्रेम, सद्भाव तथा सहयोगका साथ खुसीयालीपूर्ण दसैं मनाऔँ । सम्पूर्ण नेपालीमा विजया दशमी २०८३ को हार्दिक मङ्गलमय शुभकामना !

# बाह्य मतदान अध्ययन




डा. जानकीकुमारी तुलाधर

विसं २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचनको अभियान सुरु भइसकेको अवस्थामा तत्कालीन सरकारले विदेशबाट मतदानको सम्भावना, मतदाता नामावली सङ्कलन, प्रक्रिया र कानुनबारे सुझाव सङ्कलन गर्ने उद्देश्यले 'नीति अनुसन्धान प्रतिष्ठान' लाई देशबाहिर गरिने मतदान 'बाह्य मतदान (आउट अफ कन्ट्री भोटिङ)' का विषयमा अनुसन्धान गराएको थियो ।

निर्वाचन घोषणा भई कार्यतालिका अनुसार निर्वाचन आयोगले तीव्रताका साथ निर्वाचन तयारी गरिरहेको त्यसबखत विदेशबाट मतदान गराउने परिस्थिति संवैधानिक, कानुनी र व्यावहारिक रूपमा पनि सम्भव थिएन । सामान्यतः खेल सुरु भइसकेपछि खेलको नियम परिवर्तन गर्न सकिने अवस्था थिएन । अर्थात् आयोगले जुन संविधान र कानुन अनुसार निर्वाचन सम्पन्न गर्ने आफ्नो संवैधानिक दायित्व पूरा गर्दै थियो, त्यसलाई स्थगित गरेर अन्य व्यवस्था गर्न नसकिने र कानुनतः नमिल्ने व्यवस्थाबारेमा सरोकारवाला सबै जानकार थिए तर आयोगले 'बाह्य मतदान' को सन्दर्भमा निरन्तर अध्ययन र अनुसन्धान भने गर्दै आइरहेको छ । यस आलेखमा मैले बाह्य मतदानको सन्दर्भ आयोगबाट भएका अध्ययन र तिनका सुझावका बारेमा सङ्क्षेपमा प्रकाश पार्ने जमर्को गरेको छु, जसले यसका सबल र दुर्बल पक्ष एवं चुनौती पहिचान गर्न मद्दत पुग्ने छ ।

**बाह्य मतदानको सन्दर्भ**

नेपालको संविधानको धारा-१७ मा प्रत्येक नागरिकले समान रूपमा राजनीतिक निर्णय प्रक्रियामा भाग लिन पाउने अधिकारको प्रत्याभूति गरिएको छ । संविधानको धारा ८४ को उपधारा (५) ले १८ वर्ष उमेर पूरा गरेका नेपाली नागरिकलाई सङ्घीय कानुनबमोजिम मतदान गर्ने अधिकार प्रदान गरेको छ तर मतदान अधिकारको वास्तविक प्रयोगका लागि विद्यमान निर्वाचनसम्बन्धी संवैधानिक एवं कानुनी व्यवस्था अनुसार मतदाता आफ्नो मतदाता नामावली दर्ता भएको निर्वाचन क्षेत्र र तोकिएको मतदान केन्द्रमा उपस्थित हुनु पर्छ ।

पछिल्ला वर्षमा नेपालमा आन्तरिक तथा अन्तर्राष्ट्रिय बसाइँसराइ तीव्र बढेको छ । रोजगारी, शिक्षा, व्यापार, सरकारी तथा गैरसरकारी सेवा र अन्य कारणले ठुलो सङ्ख्यामा नेपाली नागरिक आफ्नो स्थायी वा मतदाता नामावली दर्ता भएको स्थानभन्दा फरक जिल्ला वा निर्वाचन क्षेत्रमा बसोबास गर्दै आइरहेका छन् । यसै गरी वैदेशिक रोजगारी, अध्ययन तथा अन्य प्रयोजनका लागि विदेशमा रहेका नेपालीको सङ्ख्या पनि ठुलो रहेको छ । यसले गर्दा निर्वाचनको दिन आफ्नो नामावली दर्ता भएको निर्वाचन क्षेत्रमा उपस्थित भएर मतदान गर्न नपाउने नेपालीको सङ्ख्या लाखौँ रहेको छ । संविधानले प्रत्याभूति गरेका अधिकार कार्यान्वयनको माग गर्दै सर्वोच्च अदालतमा परेको रिट निवेदनमा २०७४ चैत ७ मा सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भयो । आदेशमा भनिएको छ, "निर्वाचनमा मतदान गर्न पाउने अधिकार नागरिकको आधारभूत अधिकार तथा संवैधानिक अधिकारसमेत भएको तथा निर्वाचनमा सबै नागरिकको समान अवसरसहित वास्तविक भावना र इच्छासमेतलाई प्रतिनिधित्व गर्न वैदेशिक रोजगारीमा रहेका नागरिकलाई मुलुकबाहिरबाटै सबै तहको निर्वाचनमा मतदान गर्ने अवसर प्रदान गर्नुपर्ने देखिएको तथा सो कार्यलाई व्यावहारिक रूपमा समेत कार्यान्वयन गर्न सकिने नै देखिँदा आवश्यक कानुनी र अन्य पूर्वाधारको व्यवस्था गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार प्रदान गर्नू ।"

**थाइल्यान्डको निर्वाचन अभ्यास**

तत्कालीन निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको संयोजकत्वमा गठित टोलीले थाइल्यान्डको समग्र निर्वाचन व्यवस्था र पद्धतिको अध्ययन गरी मिति २०६९ भदौ ४ गते आयोगमा प्रतिवेदन दियो । प्रतिवेदनमा विदेशमा रहेका नेपाली नागरिकको मताधिकार प्रयोग गराउन सकिने र त्यसका लागि बाह्य मतदानका विधिमध्ये हुलाकको माध्यमबाट वा स्वयम् उपस्थित भई गर्ने मतदानमध्ये कुनै एकको अभ्यास गर्न सकिने उल्लेख गरिएको छ । थाइल्यान्डको बाह्य निर्वाचन व्यवस्था अनुसार नेपालले नमुनाका रूपमा धेरै नेपाली रहेको देशबाट छनोट गरी बाह्य मतदानको व्यवस्था गर्नुपर्ने सो अध्ययन टोलीको सुझाव छ ।

**कार्यदलको सुझाव**

आयोगका तत्कालीन सचिव शङ्करप्रसाद कोइरालाको संयोजकत्वमा गठित कार्यदलले २०६९ वैशाख ४ देखि २०६९ असोज १४ गतेसम्म अध्ययन गरी विदेशमा रहेका नेपालीलाई कसरी मताधिकार प्रदान गराउन सकिन्छ भनेर प्रतिवेदन पेस गऱ्यो । प्रतिवेदनमा बाह्य मतदानसम्बन्धी नीति बनाउनुअघि राजनीतिक दल, नागरिक समाज तथा सर्वसाधारण नागरिकसँग गहन रूपमा विचारविमर्श गर्नुपर्नेमा जोड दिइयो ।

विदेशमा रहेका नेपालीले मताधिकार प्रयोग गर्न पाउने स्पष्ट राष्ट्रिय नीति तयार गर्नुपर्ने, कुन तहको निर्वाचनमा मतदान गराउने, कुन विधिको प्रयोग गर्ने, मतदाताको योग्यतालगायतका विषयमा कानुनमा स्पष्ट व्यवस्था गर्ने, प्रथम पटक बढीमा पाँच वटा देशमा रहेका नेपालीलाई मतदाता नामावलीमा नाम दर्ता गर्ने अवसर मिलाई परीक्षणका रूपमा सुरु गर्नुपर्ने सुझाव प्रतिवेदनमा दिइएको छ । प्रतिवेदनमा लोकतान्त्रिक पद्धतिमा सबै नागरिकले आफ्नो मताधिकारको प्रयोग गर्न पाउनुपर्ने उल्लेख गर्दै बाह्य मतदान अत्यन्त खर्चिलो र सरकारले आफ्नो स्रोतले धान्न नसक्नेसमेत हुन सक्छ भन्ने कुरामा जोड दिइएको छ ।

**फिलिपिन्सको अभ्यास अध्ययन**

तत्कालीन निर्वाचन आयुक्त दोलखबहादुर गुरुङको संयोजकत्वको अध्ययन टोलीले सन् २०१२ जुलाई २२ देखि २७ सम्म फिलिपिन्सको भ्रमण गरी बाह्य मतदानका बारेमा अध्ययन गरी आयोग प्रतिवेदन पेस गऱ्यो । प्रतिवेदनमा बाह्य मतदान अभ्यास गरिरहेका सबै देशले विदेशमा रहेका सबै मतदातालाई मतदान गर्ने अधिकार समान रूपमा प्रदान गर्न नसकेको उल्लेख छ । फिलिपिन्सले बाह्य मतदानको सिलसिलामा भोगेका समस्यामा न्यून मतदाता दर्ता, अत्यन्त न्यून मतदान, निकाय समन्वयमा कठिनाइ, लागत बढी, मतदातामा कम चासो, कामदारको स्थानान्तरण, खराब कार्य व्यवस्था, मतदाता शिक्षामा कमी, मतदानमा पहुँच जस्ता समस्या देखिएको पाइयो । नेपालका सन्दर्भमा पनि यिनै समस्या टड्कारो रूपमा आउन सक्नेतर्फ सचेत गराइएको छ । यसै गरी नेपालले स्पष्ट संवैधानिक एवं छुट्टै कानुनी व्यवस्था तर्जुमा गरेर मात्र बाह्य मतदानको प्रक्रिया सुरु गर्दा उपयुक्त हुने सुझाव प्रतिवेदनमा दिइयो ।

**मतदाता यकिनको जटिलता**

तत्कालीन निर्वाचन आयुक्त डा. रामभक्त पिबी ठाकुरको संयोजकत्वमा चार सदस्यीय टोलीले 'विदेशमा रहेका नेपाली मतदाताको नाम दर्तासम्बन्धी नीति अध्ययन तथा सुझाव सन्दर्भ' मा मध्यपूर्वका विभिन्न देशको स्थलगत अध्ययन गऱ्यो । टोलीले २०७१ भदौ ८ देखि १८ सम्म संयुक्त अरब इमिरेट्स, बहराइन, कुवेत, साउदी अरब र कतारमा रहेका नेपालीलाई मतदाता नामावलीमा कसरी सामेल गर्ने र मतदानमा सहभागी गराउने विषयमा अध्ययन गऱ्यो ।

उल्लिखित देश नेपालीका लागि वैदेशिक रोजगारीका प्रमुख गन्तव्य हुन् । आर्थिक वर्ष २०८१/८२ मा युएईमा दुई लाख २५ हजार १४० जना नेपाली रोजगारीका लागि गए । साउदी, कतार, कुवेत, रोमानिया, जापान, दक्षिण कोरिया, क्रोएसिया, मलेसिया, बहराइनलगायत देशमा वैदेशिक रोजगारी गर्ने नेपालीको सङ्ख्या ठुलो छ । श्रम स्वीकृति लिने नेपालीको नागरिकको सङ्ख्या १५ लाख ४० हजार एक सय छ । विभिन्न अनौपचारिक तथ्याङ्कले करिब ४० देखि ५० लाख नेपाली श्रम, व्यवसाय र अध्ययनका लागि विदेशमा रहेको देखाउँछ ।

प्रतिवेदनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम मतदान विदेशमा गराउन अत्यन्त जटिल र खर्चिलो हुने भएकाले समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा मात्र लागु गर्न सकिने सुझाव दिइएको छ । विदेशमा रहेकालाई मताधिकार दिने भनेर मात्रै हुँदैन, उनीहरूको नाम मतदाता नामावलीमा समावेश गराउने विषय महत्वपूर्ण हुन्छ । कुनै पनि निर्वाचनको पहिलो सर्त भनेको सो निर्वाचनमा मतदाता को को हुन् र मतदाता कति छन् भन्ने यकिन गर्नु हो । मतदाता यकिनका लागि स्थायी संयन्त्र निर्माण गरेर कार्य गर्नुपर्ने सुझाव प्रतिवेदनमा दिइयो ।

**इन्डोनेसियन निर्वाचन अध्ययन**

आयोगका तत्कालीन सचिव गिरिजा शर्माको नेतृत्वको टोलीले सन् २०१९ अप्रिल १२ देखि १४ सम्म इन्डोनेसियन निर्वाचनको अवलोकन भ्रमण गरेको थियो । टोलीले इन्डोनेसियाको अनुभवका आधारमा बाह्य मतदान गर्ने सम्बन्धमा नेपालले संवैधानिक र कानुनी व्यवस्था गर्नुपर्ने सुझाव दिएको थियो । बाह्य मतदानका लागि बृहत् राजनीतिक सहमति र सरकारको प्रतिबद्धता महत्वपूर्ण हुने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**निर्देशन समितिको सिफारिस**

आयोगको मिति २०७६ कात्तिक २० गतेको निर्णय अनुसार तत्कालीन निर्वाचन आयुक्त नरेन्द्र दाहालको संयोजकत्वमा गठित निर्देशन समितिले विदेशमा रहेका आफ्ना नागरिकलाई मताधिकारको प्रयोग गराउन अन्य देशले जस्तै नेपालले पनि संवैधानिक र कानुनी व्यवस्था गर्नुपर्ने सुझाव दिएको छ । विदेशमा ठुलो सङ्ख्यामा रहेका मतदाता जसको मत निर्णायक हुन सक्छ, सोको उचित विश्वसनीय र भरपर्दो व्यवस्थापन हुन नसकेमा त्यसबाट नकारात्मक असर पर्न जाने सम्भावना त्यति नै रहनेतर्फ सजग रहनुपर्ने सुझाव प्रतिवेदनमा छ । समग्रमा विदेशमा रहेका नेपाली नागरिकलाई मतदान गराउने कार्य अति महत्वपूर्ण र ज्यादै संवेदनशील भएकाले विगतमा आयोगबाट गरिएका अध्ययन, हाल विभिन्न देशले बाह्य मतदानका लागि गरिरहेका अभ्यास जुन हाम्रो सन्दर्भमा उपयुक्त हुन सक्छ, त्यसकै आधारमा अघि बढ्नु उपयुक्त हुन्छ । यसमा निर्वाचन आयोग आफ्नो संवैधानिक एवं कानुनी दायित्व कुशलतापूर्वक निर्वाह गर्न सधैँ तत्पर नै छ ।

**साभार: गोरखापत्र**



# हरेक वर्ष विश्वभर १ अर्ब टनभन्दा धेरै खाना खेर जाँदै : प्रतिवेदन

काठमाण्डौं,३० असोज/हरेक वर्ष विश्वभर एक अर्ब टनभन्दा धेरै खाना खेर जाने गरेको प्रतिवेदन सार्वजनिक भएको छ । हरेक ५ प्लेट खानामध्ये झन्डै १ प्लेट फोहोरमा फालिने गरेको संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनलाई उद्धृत गर्दै समाचार संस्था अलजजीराले जनाएको छ ।

गएको वर्ष सन् २०२५ मा ६४ करोड ५० लाख मानिस भोकै रहेका प्रतिवेदनमा उल्लेख छ । यो विश्वको जनसङ्ख्याको झन्डै १३ जनामध्ये १ जना हुन् ।

विश्व खाद्य दिवसका दिन आज यो प्रतिवेदन सार्वजनिक भएको हो । सन् १९४५ मा 'खाद्य तथा कृषि सङ्गठन स्थापना भएको सम्झनामा संयुक्त राष्ट्रसङ्घले हरेक वर्ष अक्टोबर १६ मा यो दिवस मनाउँदै आएको छ ।

विश्वव्यापी भोकमरी लगातार तेस्रो वर्ष घटेको छ तर यो कोभिड(१९ महामारीअघिको स्तरभन्दा माथि नै रहेको प्रतिवेदनमा उल्लेख छ ।

यस वर्षको नारा (आज नवीनता, भोलि पोषण भन्ने रहेको छ । यसले धेरैभन्दा धेरै मानिसलाई खुवाउन सकियोस् र कमभन्दा कम खाद्य पदार्थ खेर जाओस् भन्ने प्रणालीको आह्वान गरेको छ ।

संयुक्त राष्ट्रसङ्घको 'विश्वमा खाद्य सुरक्षा र पोषणको अवस्था' सम्बन्धी वार्षिक प्रतिवेदनअनुसार गएको वर्ष सन् २०२५ मा झन्डै ६४ करोड ५० लाख मानिस भोकको समस्याबाट गुज्रिएका थिए ।

यो विश्वको कुल जनसङ्ख्याको ७.८ प्रतिशत हो । यो सङ्ख्या सन् २०२४ को ८.१ प्रतिशत र सन् २०२२ को उच्च विन्दु ८.६ प्रतिशतको तुलनामा कम भए पनि सन् २०१९ को तुलनामा अझै पनि झन्डै ६ करोड १० लाखभन्दा धेरै मानिस यस समस्याबाट प्रभावित छन् ।

प्रतिवेदनअनुसार अफ्रिकामा भोका मानिसहरूको सङ्ख्या धेरै छ । सन् २०२५ मा अफ्रिकामा झन्डै ३० करोड ९० लाख मानिस कुपोषित थिए । यो सङ्ख्या महादेशका हरेक पाँच जनामध्ये एक जना बराबर हो र विश्वभरका भोका मानिसहरूको झन्डै आधा हिस्सा हो ।

यस्तै एशियामा २९ करोड २० लाख मानिस (जनसङ्ख्याको ६ प्रतिशत) तथा ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रमा ३ करोड २० लाख मानिसहरू (४.८ प्रतिशत) कुपोषित थिए ।

माल्दिभ्समा सबैभन्दा धेरै खाना खेर जाने गरेको छ, त्यहाँ प्रतिव्यक्ति वार्षिक झन्डै २६० केजी खाना खेर जान्छ । यो विश्वव्यापी औसतभन्दा झन्डै दोब्बर हो ।

यसपछि सिरिया, डोमिनिकन रिपब्लिक, सेसेल्स, मेक्सिको र ट्युनिसिया आउँछन् जहाँ प्रतिव्यक्ति २१० केजीभन्दा धेरै खाना खेर जान्छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार स्पेनमा सबैभन्दा कम खाना खेर जाने गरेको छ, त्यहाँ प्रतिव्यक्ति झन्डै ३९ केजी वा त्योभन्दा कम खाना खेर जाने गरेको छ । खाद्य नोक्सानी र खेर जाने खाद्य पदार्थका कारण विश्व अर्थतन्त्रलाई वार्षिक १ ट्रिलियन डलरभन्दा धेरैको नोक्सानी हुने गरेको प्रतिवेदनमा उल्लेख छ ।

# घटस्थापनापछि काठमाण्डौ उपत्यकाबाट साढे तीन लाख यात्रु बाहिरिए

काठमाण्डौ ३० असोज/ काठमाण्डौ उपत्यकाबाट दशैं मनाउन गाउँघर फर्किने यात्रुको चाप बढ्न थालेको छ । काठमाण्डौमा अध्ययन, रोजगारी तथा विभिन्न पेशा व्यवसायमा संलग्न मानिस धमाधम गाउँ फर्कन थालेका हुन् ।

काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रविन्द्र खनालले दशैं मनाउनका लागि घटस्थापनादेखि आज बिहानसम्म तीन लाख ४८ हजारभन्दा धेरै यात्रु काठमाण्डौ उपत्यकाबाट बाहिरिएको जानकारी दिनुभयो । उहाँका अनुसार असोज २५ गते ५२ हजार ८२७, असोज २६ गते ५६ हजार ८९०, असोज २७ गते ७८ हजार १३८, असोज २८ गते ७४ हजार ९७९ र असोज २९ गते हिजो ८५ हजार ५६१ यात्रु काठमाण्डौबाट बाहिरिएका छन् ।

काठमाण्डौबाट दशैं मनाउनका लागि फर्पिङ, नागढुङ्गा, थानकोट, भीमढुङ्गा, तीनपिप्ले, साँखु, भक्तपुरको जगाती र ललितपुरको भट्टेडाँडा नाका हुँदै यात्रु बाहिरिएका हुन् । दशैंका लागि घर फर्किने यात्रुको सङ्ख्या बढेसँगै यातायात व्यवसायीलाई यात्रु व्यवस्थापन गर्न समस्या परेको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका कोषाध्यक्ष एवं नेपाल माइक्रोबस कम्पनीका अध्यक्ष राजेन्द्र आचार्यले सडक बाटोका कारण यातायात व्यवस्थापनमा समस्या भइरहेको बताउनुभयो । अहिलेसम्म एक लाख ५३ हजार ७३२ यात्रुले दशैंका लागि अग्रिम टिकट बुकिङ लिएका छन् । महासङ्घले यात्रुलाई टिकट काटेर मात्र यात्रा गर्न, तोकिएको भाडा तिर्न र गाडीको अवस्था जाँच गरेर यात्रा गर्न आग्रह गरेको छ ।

# 'प्रथम जीतपुरसिमरा म्याराथन' सम्पन्न, प्रतियोगिताका विजेता सम्मानित

सिमरा, ३० असोज/बाराको जीतपुरसिमरामा आयोजित 'प्रथम जीतपुरसिमरा म्याराथन प्रतियोगिता( २०८३' शुक्रवार भव्य रूपमा सम्पन्न भएको छ ।

खस आर्य समाज नेपालको आयोजना तथा बिहानी ग्रुप र भूतपूर्व सैनिकको सहकार्यमा सम्पन्न उक्त म्याराथनमा करिब दुई सय जना धावकहरूको सहभागिता रहेको थियो । सिमरास्थित रामजानकी मन्दिरबाट सुरु भएको म्याराथन पथलैया पुगेर पुनः रामजानकी मन्दिरमै फर्किएर टुङ्गिएको हो ।

प्रतियोगिताअन्तर्गत ३५ वर्षमाथिको पुरुषतर्फ राजेन्द्र बम्जन प्रथम, चिरञ्जीवी पोखरेल दोस्रो र कुमार थापा तेस्रो स्थान हासिल गर्न सफल भए । त्यसैगरी महिलातर्फ रीना तामाङ प्रथम, जनकी खड्का दोस्रो तथा मीना श्रेष्ठ तेस्रो भइन् । ६० वर्षमाथिको उमेर समूहमा भने गंगाप्रसाद मैनालीले प्रथम स्थान हासिल गरे । प्रतियोगिताका उत्कृष्ट विजेताहरूलाई नगद पुरस्कार, प्रमाणपत्र तथा पदकद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रदेश सभा सदस्य देवनारायण चौधरीले खेलकुदले स्वस्थ जीवनशैली, अनुशासन र आपसी सद्भाव बढाउनुका साथै नयाँ प्रतिभा पहिचानमा सहयोग पुऱ्याउने बताए ।

खस आर्य समाज नेपालका अध्यक्ष शरद पराजुलीको अध्यक्षतामा सम्पन्न सो समारोहमा जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारी, स्थानीय जनप्रतिनिधि, सुरक्षाकर्मी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो । कार्यक्रममा स्वागत मन्तव्य रामचन्द्र न्यौपानेले दिएका थिए भने सञ्चालन रविन्द्र खकुरेलले गरेका थिए ।

## सरकारलेतोक्यो....

मन्त्रिपरिषद् बैठकले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन( २०७४ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेश गर्न स्वीकृति प्रदान गरेको छ ।

त्यस्तै बैठकले आर्थिक वर्ष २०८१/८२ को व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरेको छ ।

सरकारले नेपाल विशेष सेवा ( २१औं संशोधन) नियमावली २०८३ स्वीकृत गर्ने, जापान सरकारबाट प्राप्त हुने २९८ मिलियन जापानी येन बराबरको वस्तुगत एवम् सेवाजन्य आपत्कालीन अनुदान सहायता र जर्मनबाट प्राप्त हुने २० मिलियन युरो अनुदान सहायता स्वीकार गर्ने निर्णय भएको छ ।

यस्तै बूढीगण्डकी विकास प्राधिकरण विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को प्रारम्भ हुन बाँकी दफामध्ये दफा १७ को खण्ड (ङ), दफा २५ र दफा २६ आउँदो कात्तिक १५ गतेदेखि प्रारम्भ गर्नेलगायतका निर्णय भएको छ ।

## औद्योगिकश्रमिकको...

गर्नुपर्नेमा जोड दिएका थिए ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले उद्योगी, श्रमिक र ट्रेड युनियनबीच समन्वय तथा वार्तामार्फत समस्या समाधान गर्नुपर्ने बताउनुभयो । उहाँले औद्योगिक क्षेत्रका समस्या समाधानका लागि सम्बन्धित पक्षबीच सहकार्य आवश्यक रहेको धारणा राख्नुभयो ।

अन्तरक्रियामा श्रम ऐनको कार्यान्वयन, न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, कार्यस्थलको सुरक्षा तथा श्रमिकलाई संगठन खोल्ने अधिकारलगायत विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका नगर उपप्रमुख भोलाप्रसाद अधिकारी, अखिल नेपाल औद्योगिक मजदुर संघका केन्द्रीय अध्यक्ष बेनीप्रसाद तिमल्सिनासहित विभिन्न ट्रेड युनियनका प्रतिनिधि तथा श्रमिकहरूको सहभागिता रहेको थियो

कार्यक्रममा सहभागी सरोकारवालाहरूले श्रमिकको हकहित संरक्षण, श्रम कानुनको प्रभावकारी कार्यान्वयन तथा उद्योगी र श्रमिकबीच सुमधुर सम्बन्ध कायम गर्न सम्बन्धित निकायले आवश्यक पहल गर्नुपर्नेमा जोड दिएका छन् ।

## कांग्रेसकेन्द्रीय...

हुन ।

बुढाथोकी मधेस प्रदेश खुल्ला, पराजुली र त्रिपाठी खुल्ला तथा शर्मा र शाहीले भने ३५ वर्षमुनिको कोटाबाट केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिएका थिए ।

केन्द्रीय सदस्यमा निर्वाचित पराजुली, त्रिपाठी र शाही जीतपुरसिमरा उपमहानगरपालिकाका बासिन्दा हुन भने शर्मा सिम्रौनगढ नगरपालिकाकी बासिन्दा हुनुहुन्छ ।

महाधिवेशनमा समावेशी उपसभापति पदमा उम्मेदवारी दिनुभएका बाराका नेता फरमुल्लाह मंसुरसहित केन्द्रीय सदस्य पदका अन्य ८ जना उम्मेदवार भने पराजित बनेका छन ।

केन्द्रीय सदस्यमा उम्मेदवारी दिने बाराका हरि थपलिया, शोभा लामा, कृष्णवर्त सिंह, रविन्द्र पनुहर, राजीव चौधरी, शिव लम्साल र नारायणी रायमाझी पराजित बनेका हुन ।

## वीरगञ्जकोमुख्य...

घण्टाघरदेखि गण्डक चोकसम्मको सडक निर्माण गरिनेछ ।

योजनाअनुसार वीरगञ्जको मुख्य बजार क्षेत्र इदगाह चोकदेखि पावर हाउससम्म सडकको बिच भागमा चार लेनको सडक निर्माण गरिनेछ । सडकको दुवैतर्फ साइकल लेन र फराकिलो फुटपाथको व्यवस्था गरिने छ ।

त्यसैगरी, मुख्य बजार क्षेत्रबाहिर सर्भिस लेनसहितको ६ लेनको सडक निर्माण गर्ने योजना छ । सडकका दुवै किनारमा दरबारमार्गको शैलीमा ग्रेनाइट ढुङ्गा बिछ्याएर फुटपाथ निर्माण गरिनेछ ।

पहिलो चरणमा २०८३ वैशाख ६ र ७ गते तथा दोस्रो चरणमा २०८३ असार १८ देखि भदौ ३१ गतेसम्म सडकको सीमाक्षेत्र खाली गराइएको थियो ।

आयोजना ३० महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको सो सडक निर्माण कार्य सम्पन्न भएपछि वीरगञ्जको मुख्य सडकमा यातायात व्यवस्थापन सहज हुनुका साथै पैदलयात्री र साइकल यात्रुका लागि पनि सुरक्षित आवागमनको सुविधा थपिने बताइएको छ ।

## निजगढमाचाडपर्व...

नगरपालिकाले त्यस्ता सामग्री हटाउन नगरवासीलाई आग्रह गरेको छ ।

निजगढ नगरपालिकाका नगर प्रमुख सुरथ पुरीले आज एउटा सूचना जारी गर्दै सडक, सडकपेटी तथा सार्वजनिक आवागमनका क्षेत्रमा राखिएका इँटा, बालुवा, गिट्टी, ढुङ्गा, माटो, छड, काठलगायतका निर्माण सामग्री हटाउन आग्रह गर्नुभएको हो ।

नगरपालिकाका अनुसार विभिन्न स्थानमा निर्माण सामग्री राख्ने तथा अव्यवस्थित रूपमा अटो पार्किङ गर्ने प्रवृत्तिले सार्वजनिक सडकमा अवरोध सिर्जना भएको छ । यसबाट सवारीसाधन तथा पैदल यात्रुको आवागमनमा कठिनाइ हुनुका साथै सडक दुर्घटनाको जोखिमसमेत बढेको सूचनामा उल्लेख छ ।

नगरपालिकाले नगर क्षेत्रका सम्पूर्ण नगरवासी, घरधनी, निर्माण व्यवसायी तथा सम्बन्धित सरोकारवालालाई सडक र सडकपेटीमा अवरोध पुग्ने गरी राखिएका निर्माण सामग्रीलगायत अन्य सामग्री यथाशीघ्र हटाई सुरक्षित तथा व्यवस्थित स्थानमा राख्न अनुरोध गरेको छ ।

त्यस्तै, अव्यवस्थित रूपमा अटो पार्किङ गरिएका अटोहरू तोकिएको स्थानमा मात्र पार्किङ गर्न नगरपालिकाले आग्रह गरेको छ ।

सार्वजनिक सडकलाई सुरक्षित, व्यवस्थित तथा अवरोधरहित बनाउन सबै नगरवासीको सहयोग आवश्यक रहेको जनाउँदै नगरपालिकाले सडकमा अवरोध हुने गतिविधि नगर्नसमेत अनुरोध गरेको हो ।





# सप्तरङ्गी सहकारी डुमरवानाको ३३ लाख नाफा, शेयर सदस्यलाई ११ प्रतिशत लाभांश




सिमरा, ३० असोज/बाराको डुमरवानास्थित सप्तरङ्गी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आर्थिक वर्ष २०८२/०८३ मा ३३ लाख रुपैयाँ नाफा आर्जन गरेको छ ।

सहकारी संस्थाको १५औं वार्षिक साधारण सभामा सो जानकारी गराइएको हो। संस्थाले शेयर सदस्यलाई ११ प्रतिशत लाभांश वितरण गर्ने निर्णय पनि गरेको छ ।

सहकारीकी अध्यक्ष शोभा केसीको अध्यक्षतामा सम्पन्न भएको सो सभामा संस्थाकी ज्येष्ठ शेयर सदस्य ९१ वर्षीया लक्ष्मीमाया गौतम प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको थियो ।

सभामा संस्थाका निवर्तमान अध्यक्ष एवं सल्लाहकार समिति सदस्य राजु अधिकारीले पछिल्लो समय सरकारले सहकारीसम्बन्धी नीति तथा नियममा परिवर्तन गर्दै सहकारी क्षेत्रलाई नियन्त्रण गर्न खोजेको बताउनुभयो । ठूला सहकारीमा देखिएका समस्याका कारण समग्र सहकारी क्षेत्र बदनाम भइरहेको उल्लेख गर्दै उहाँले नकारात्मक टिप्पणीलाई मात्रै आधार नबनाई असल र विश्वसनीय सहकारी निर्माणमा सबै लाग्नुपर्नेमा जोड दिनुभयो। चुनौतीपूर्ण परिस्थितिका बाबजुद संस्थाले शेयर सदस्यलाई ११ प्रतिशत लाभांश वितरण गर्न लागेको उहाँले जानकारी दिनुभयो

बारा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष सतेन्द्र ठाकुरले सदस्यलाई लाभांश वितरण गर्न सक्नु सहकारीका लागि सकारात्मक उपलब्धि भएको बताउनुभयो। सहकारी स्थापना भएको १४ वर्षमै सप्तरङ्गी सहकारीले जीतपुरसिमरा उपमहानगरपालिकाभित्र उत्कृष्ट सहकारी संस्थाका रूपमा पहिचान बनाउँदै गएको ठाकुरको भनाइ थियो ।

पछिल्लो समय केही समूहले सहकारी तथा वित्तीय संस्थाबाट लिएको ऋण नतिर्न आह्वान गरिरहेको उल्लेख गर्दै ठाकुरले लगानी गर्दा पर्याप्त अध्ययन र सावधानी अपनाउन सहकारी संस्थाहरूलाई सुझाव दिनुभयो।

सरकारले सहकारी सञ्चालनसम्बन्धी नीति तथा कार्यविधि बारम्बार परिवर्तन गर्दा संस्थाहरूलाई काम गर्न कठिनाइ भइरहेको भन्दै उनले सहकारीलाई व्यवस्थित बनाउने नाममा सञ्चालन र कानुनी निकास दुवै कठिन हुने अवस्था सिर्जना गर्न नहुने उहाँले बताउनुभयो।

सभामा अध्यक्ष शोभा केसीले संस्थागत प्रतिवेदन, लेखा संयोजक लवप्रसाद थपलियाले लेखा प्रतिवेदन र कोषाध्यक्ष विदुर खड्काले प्रस्तावित बजेट प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा उत्कृष्ट बचतकर्ताका रूपमा रमेश बछार, उत्कृष्ट दैनिक बचतकर्ताका रूपमा रवि तामाङ तथा उत्कृष्ट कारोबार गर्ने सचिता चौधरीलाई सम्मान गरिएको थियो । संस्थाको व्यवस्थापनमा योगदान पुर्‍याउने कर्मचारीहरूलाई व्यवस्थापक गुनराज ढकालले मायाको चिनो प्रदान गर्नुभएको थियो । सोही अवसरमा सप्तरङ्गी समाजसेवा पुरस्कार(२०८३ बाट दीपकप्रसाद चौधरीलाई नगद पाँच हजार रुपैयाँसहित सम्मान गरिएको थियो ।

# सर्लाहीको पर्सामा कार दुर्घटना चालकको मृत्यु




सर्लाही, ३० असोज/सर्लाहीको पर्सा गाउँपालिका वडा नम्बर( २ स्थित संग्रामपुर पुलमा भारतीय नम्बर प्लेटको कार आफैँ अनियन्त्रित भएर दुर्घटना भएको छ ।

हुलाकी सडक खण्डमा बिआर(०६-बिएक्स-०४३५ नम्बरको कार दुर्घटना हुँदा चालक महोत्तरीको गौशाला नगरपालिका- ५ बस्ने २४ वर्षीय विकल साहको मृत्यु भएको हो ।

दुर्घटनामा परेर दुई जना घाइते भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी सरोज राईले बताउनुभयो ।

शुक्रबार मध्यान्ह भएको दुर्घटनामा परेर कारमा सवार महोत्तरीको गौशाला घर भएका करिब २२ वर्षीय शम्भुनाथ ठाकुर र सोही ठाउँका २३ वर्षीय शुभमकुमार शर्मा घाइते भएका छन् ।

दिउँसो १२ बजे महोत्तरीबाट सर्लाहीको मलंगवातर्फ आउँदै गरेको कार आफैँ अनियन्त्रित भई दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको डीएसपी राईले बताउनुभयो । दुर्घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

# प्रहरी दिवसको अवसरमा उत्कृष्ट कार्य गर्नेलाई सम्मान

वीरगञ्ज, ३० असोज/जिल्ला प्रहरी कार्यालय पर्सामा नेपाल प्रहरीको ७१औं प्रहरी दिवस विशेष समारोहका बीच सम्पन्न भएको छ ।

दिवसका अवसरमा शान्ति(सुरक्षा कायम गर्न, अपराध नियन्त्रण गर्न तथा प्रहरी(नागरिक सम्बन्ध सुदृढ बनाउन योगदान पुऱ्याउने विभिन्न व्यक्ति तथा संस्थालाई कदरपत्र प्रदान गरी सम्मान गरिएको छ ।

कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, पर्सा जिल्ला अदालतकी न्यायाधीश देवीकुमारी चौधरी, नेपाली सेनाको श्री श्रीजंग गणका प्रमुख सेनानी लोकेन्द्र कार्की, वीरगञ्ज उद्योग वाणिज्य संघका हरिप्रसाद गौतम, जिल्ला सरकारी वकिल कार्यालय पर्साका निमित्त कार्यालय प्रमुख अनन्तराज न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वार्टर पर्साका निमित्त सशस्त्र प्रहरी नायब उपरीक्षक बालकृष्ण महर्जन, पर्साका प्रहरी उपरीक्षक पवन भट्टराई तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका उप(अनुसन्धान निर्देशक सन्तोष ढुंगेललगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा कर्तव्यपालनका क्रममा वीरगति प्राप्त गर्ने अमर प्रहरीहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै राष्ट्र र नागरिकको सुरक्षामा उनीहरूले



पुऱ्याएको योगदानको स्मरण गरिएको थियो । साथै, अमर प्रहरीका परिवारजनको योगदानप्रति सम्मान व्यक्त गरिएको थियो ।

दिवसकै अवसरमा जिल्ला प्रहरी कार्यालय पर्साले प्रहरी प्रशासनलाई विभिन्न माध्यमबाट सहयोग पुऱ्याउने सामाजिक संघ(संस्था, सामुदायिक प्रहरी साझेदारी कार्यक्रमका प्रतिनिधि, उद्योगी, व्यापारी तथा उत्कृष्ट कार्य गर्ने व्यक्तिहरूलाई कदरपत्र प्रदान गरी सम्मान गरेको हो ।

शान्ति(सुरक्षा कायम राख्न, अपराध नियन्त्रण गर्न र प्रहरी तथा नागरिकबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन स्थानीय समुदाय, उद्योगी(व्यवसायी र सञ्चार क्षेत्रले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै सहयोगी सबैप्रति धन्यवाद व्यक्त गरिएको थियो ।

# सप्तरीमा हात्ती मारेर गाडेको अवस्थामा फेला



सप्तरी, ३० असोज/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका(१ स्थित धान खेतमा हात्तीलाई मारेर गाडेको अवस्थामा फेला पारिएको छ।

कंकालिनी मन्दिरदेखि करिब एक किलोमिटर उत्तरपूर्वमा रहेको धान खेतमा हात्तीलाई खाल्डो खनेर गाडेको अवस्थामा फेला पारिएको हो ।

नियमित गस्तीमा रहेको कोशी टप्पु वन्यजन्तु आरक्षको टोलीले हात्तीलाई गाडिएको अवस्थामा फेला पारेको हो ।

डिभिजन वन कार्यालय सप्तरीका प्रमुख मनोज ठाकुरका अनुसार हात्तीलाई खाल्डोमा पुरेर माथिबाट परालले छोपिएको अवस्थामा फेला पारिएको हो ।

“हात्तीलाई खाल्डोमा पुरेर माथिबाट पराल हालेको देखियो,” प्रमुख ठाकुरले भन्नुभयो, “गाडिएको हात्तीलाई बाहिर निकालेर अहिले पोस्टमार्टम भइरहेको छ ।”

कोशी टप्पु वन्यजन्तु आरक्षको टोलीले मृत हात्तीको पोस्टमार्टम गरिरहेको जनाएको छ । हात्तीलाई दुईदेखि तीन दिनअघि नै मारेर गाडिएको हुन सक्ने आशङ्का गरिएको ठाकुरले जानकारी दिनुभयो ।

हात्तीको मृत्युको कारण भने तत्काल खुल्न सकेको छैन । घटनाबारे अनुसन्धान भइरहेको डिभिजन वन कार्यालय सप्तरीले जनाएको छ । घटनामा संलग्न रहेको आरोपमा एक जनालाई पक्राउ गरिएकोसमेत कार्यालयले जनाएको छ ।

पोस्टमार्टम प्रक्रिया पूरा भएपछि मृत हात्तीलाई पुनः खाल्डोमा गाडिने जनाइएको छ । हात्तीको मृत्यु कसरी भयो र घटनामा अन्य व्यक्तिको संलग्नता छ वा छैन भन्ने विषय अनुसन्धानपछि खुल्ने बताइएको छ ।

# लहानको बलान नदीमा डुबेर दुई जना बालकको मृत्यु

सिरहा, ३० असोज/सिरहाको लहान नगरपालिका( २३ स्थित बलान नदीमा नुहाउने क्रममा डुबेर दुई जना बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा बथनाहा तिलेबोनाका १४ वर्षीय राजु महतो र नौ वर्षीय अभिनन्दन महतो रहेका छन् ।

इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक विष्णुप्रदीप बस्यालका अनुसार बिहीबार दुवै बालक बलान नदीमा नुहाउन गएका थिए । नुहाउने क्रममा नदीको गहिरो पानीमा पुगेपछि उनीहरू अचानक डुबेर बेपत्ता भएका थिए ।

घटनालगत्तै खोजतलास गर्दा बिहीबार साँझ ५ बजे स्थानीय युवाहरूले माछा मार्ने महाजालको प्रयोग गरी राजुलाई मृत अवस्थामा नदीबाट बाहिर निकालेका थिए ।

यसैगरी अभिनन्दनको खोजीका लागि शुक्रबार महोत्तरीको बर्दिबासबाट सशस्त्र प्रहरीको विशेष गोताखोर टोली बोलाइएको थियो । गोताखोर टोलीले नदीको गहिरो पानी जमेको स्थानमा करिब एक घण्टा खोजी गरेपछि अभिनन्दनको शव पनि फेला पारेको छ ।

स्थानीयवासीका अनुसार बलान नदीमा डुबेर एक वर्षभित्र चार जनाको ज्यान गइसकेको छ ।

# सरकारले तोक्यो गहुँको न्यूनतम समर्थन मूल्य, प्रतिक्विन्टल ४ हजार १०७ रूपैयाँ

काठमाण्डौ ३० असोज/सरकारले गहुँको न्यूनतम समर्थन मूल्य तोकेको छ। आज बसेको मन्त्रिपरिषद् बैठकले आर्थिक वर्ष २०८३/८४ का लागि गहुँबालीको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ४ हजार १०७ रुपैयाँ तोक्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्री विक्रम तिमिल्सिनाले जानकारी दिनुभयो ।

गएको आर्थिक वर्षमा सरकारले गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ३ हजार ९४५ रुपैयाँ तोकेको थियो । यस आर्थिक वर्षमा गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल १६२ रुपैयाँले बढेको छ ।

सरकारले पशु बधशाला र मासु जाँच ऐन २०५५ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेश गर्न स्वीकृति प्रदान गरेको छ ।

बाँकी तेश्रो पेजमा

# मधेस सरकारबाट बाहिरियो एमाले, मन्त्रीहरूले बुझाए राजीनामा



काठमाडौँ, ३० असोज/नेकपा एमाले मधेस प्रदेश सरकारबाट बाहिरिएको छ ।

प्रदेश सरकारमा सहभागी एमालेका चार जना मन्त्रीले शुक्रबार राजीनामा दिएर सरकारबाट बाहिरिएका हुन् ।

एमालेले मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको प्रदेश सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको छ

मुख्यमन्त्री कृष्णप्रसाद यादवसमक्ष श्रम तथा यातायातमन्त्री शारदादेवी थापा, खेलकुद तथा समाजकल्याणमन्त्री लखनदास, भौतिक पूर्वाधार विकासमन्त्री मोहम्मद समिर र शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंहले राजीनामा बुझाएका छन् ।

एमालेका मन्त्रीहरूले प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णलाई सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्रसमेत बुझाएका छन् ।

एमालेले नयाँ सरकार गठनको कसरत अघि बढाउने उद्देश्यले सरकारबाट समर्थन फिर्ता लिएको जनाएको छ ।

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद यादव नेतृत्वको सरकारमा नेपाली कम्युनिस्ट पार्टीसमेत सहभागी छ ।

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३